# स्थानीय बालअधिकार समिति (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१।०३।१०
प्रमाणिकरण मितिः २०८१।०३।२४

महाकाली नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
खलंगा, दार्चुला,
सुदूरपश्चिम प्रदेश

२०८१।३।२४
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावनाः-

बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६० को उपदफा (३) र सुदूरपश्चिम प्रदेश सरकारको प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ को दफा ४६ बमोजिम बालअधिकारको संरक्षण र सम्वद्धन गर्न वाञ्छनीय भएकोले

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनेको महाकाली नगरपालिकाको प्रशासकीय (कार्यविधि नियमित गर्ने) नियमावली, २०७५ को दफा (४) स्थानिय बालअधिकार समिति (गठन तथा संचालन) सम्बन्धी कार्यविधि, २०८१ बनाई लागु गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम "स्थानिय बालअधिकार समिति (गठन तथा संचालन) सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन,२०७५ सम्झनु पर्दछ ।

ख) "मन्त्रालय" भन्नाले संघीय सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

ग) "प्रदेश मन्त्रालय" भन्नाले सुदुरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

घ) "प्रदेश समिति "भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (१) बमोजिम बनेको प्रदेश बाल अधिकार समिति सम्झनु पर्दछ।

ङ) "नगरपालिका "भन्नाले महाकाली नगरपालिका सम्झनु पर्दछ ।

च) "समिति "भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (२) तथा यस कार्यविधिको दफा (३) तथा (५) बमोजिमको स्थानीय बालअधिकार समिति सम्झनु पर्दछ।

छ) "वाल कल्याण अधिकारी "भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्दछ । यस शव्दले बाल कल्याण अधिकारी नियुक्त नभएको अवस्थामा निजको काम गर्ने गरी तोकिएको महिला तथा वालवालिका शाखा प्रमुखलाई समेत जनाउने छ ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय

नि. प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-२

## नगर बालअधिकार समिति सम्बन्धी व्यवस्था

३. <u>नगर बालअधिकार समिति गठनः</u> १) बालवालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्बर्द्धन गर्न नगरपालिकामा देहाय बमोजिमको नगर बालअधिकार समिति रहने छ ।

क) उप प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य -अध्यक्ष
ख) प्रमुखले तोकेको कार्यपालिका सदस्य/महिला सदस्य -सदस्य
ग) शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुख -सदस्य
घ) स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख -सदस्य
ङ) जिल्ला अस्पतालको प्रमुख चिकित्सक -सदस्य
च) नगर क्षेत्रभित्रको प्रहरी कार्यालय प्रमुख -सदस्य
छ) समितिले मनोनयन गरेको नगर भित्रका माध्यमिक विद्यालयकोको प्रधानाध्यापक वा शिक्षक मध्येबाट १ जना -सदस्य
ज) बालअधिकारको क्षेत्रमा कार्य अनुभव भएका व्यक्ति मध्येबाट प्रमुखले मनोनयन गरेको १ जना महिला सहित २ जना -सदस्य
झ) समितिले मनोनयन गरेको महिला सहकारी संस्थाको प्रतिनिधि १ जना -सदस्य
ञ) बालअधिकारको क्षेत्रमा क्रियाशिल गै.स.सं. को प्रतिनिधि १ जना -सदस्य
ट) बालमनोविज्ञ वा बालन्यायका क्षेत्रमा काम गर्ने अधिवक्ता -सदस्य
ठ) नगर स्तरिय बाल संजालको अध्यक्ष सहित २ जना (वालक र वालिका)-सदस्य
ड) बालकल्याण अधिकारी/बालबालिका सम्बन्धी हेर्ने कर्मचारी सदस्य-सचिव

२) मनोनित हुने सदस्यहरुको पदावधी ४ वर्ष हुनेछ ।

३) समितिमा सदस्यमा मनोनयन हुनको लागि भ्रष्टाचार, जवरजस्ती करणी, मानव वेचविखन तथा ओसार पसार, लागु औषध विक्रि वितरण तथा ओसार प्रसार, सम्पति सुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी संगठित अपराध, बालबालिका विरुद्धको कसुर, बालअधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको व्यक्ति हुनु पर्नेछ।

४. नगर बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः- १) दफा ३ बमोजिम गठन हुने नगर बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्बर्द्धनका लागि दिर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गर्ने,

जि. प्रमुख प्रशासकीय अधिकृत

ख) बालवालिकाको अधिकारको सम्मान, संरक्षण प्रर्वद्धन र परिपुर्तिको लागि आवश्यक स्थानिय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत सयंन्त्रको व्यवस्था गर्ने,

ग) नगर पालिकामा संचालित बालवालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्यांकन तथा समीक्षा गरी सुझाव दिने,

घ) बालअधिकार सम्बन्धी कार्यक्रम कार्यान्वयका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरु संग समन्वय तथा सहकार्य गर्ने,

ङ) नेपाल पक्ष रहेका बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय, क्षेत्रीय सन्धी संग सम्बन्धित नगर स्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजिकरण गर्ने,

च) नगर पालिका भित्रि हुन सक्ने बालविवाह, बाल श्रम शारिरिक तथा मानसिक पीडा तथा वाल यौन दुर्व्यहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापन र बालबालिका खोजतलास नम्बर १०४ तथा बाल हेल्प लाईन नम्बर १०९८ सेवा संचालन तथा अभिवृद्धि जस्ता कार्यमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

छ) बालअधिकार संरक्षण तथा सम्वर्द्धन गर्ने सम्बन्धमा सरोकार वालाहरुको क्षमता अभिवृद्धि गर्ने गराउने,

ज) बालअधिकार सम्बन्धि प्रतिवेदन तयार गरी मन्त्रालय, प्रदेश मन्त्रालय राष्ट्रिय बालअधिकार परिषद र सम्बन्धीत निकायहरुमा पठाउने,

झ) बालबालिका सम्बन्धी स्थानिय तथ्याङ्क/विवरण संकलन, अभिलेखिकरण तथ सुचना प्रणालीको विकाष, संचालन, व्यवस्थापन र शुदृढिकरणमा सहयोग गर्ने,

ञ) बालसंरक्षण तथा बालअधिकार पर्वर्द्धनका लागी संचालन हुने राष्ट्रिय/प्रादेशिक र नगर पालिकाको अभियानमा सहयोग गर्ने,

ट) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्ति लाई नगरपालिकामा सुचिकृत गरी आन्तरी धर्मपुत्र, धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थीत गर्न सहजिकरण गर्ने,

ठ) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिका लाई धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थीत गर्न सहजिकरण गर्ने,

ड) नगरपालिका भित्र सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्र पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र लाई प्रचलित कानुन तथा मापदण्ड बमोजिम संचालन गर्न निर्देशन दिने, निर्देशन पालना नगरेमा बन्द तथा कार्वाही गर्न सुझाव सहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

५. **अनुगमन सम्बन्धी व्यवस्था** १.नगर बालअधिकार समितिले नगरपालिका भित्र संचालित बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायतका आश्रीत

बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तरीय तथा प्रभावकारीताका सम्बन्धमा अनुगमन टोली/समिति गठन गरी देहाय बमोजिम अनुगमन गर्नु पर्नेछ ।

क) बालबालिकाको बैयतिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

ख) बालबालिकालाई नियमित शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

ग) बाल क्लब गठन गरी बालबालिका लाई खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागीता जस्ता अन्य कृयाकलापमा संलग्न गराएको छ वा छैन,

घ) बालबालिको ऐन, प्रचलित कानुन तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरीएको छ वा छैन,

ङ) बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण केन्द्र, पुनः स्थापना केन्द्र तथा सामाजिकीकरणको केन्द्रमा कुनै अवाञ्छित कार्य भएको छ वा छैन,

च) खण्ड.(ङ) मा उल्लेखित गृह र केन्द्रमा बाल मैत्री व्यवहार तथा वातावरण कायम गरेको छ वा छैन,

छ) बाल गृहमा आश्रति वालवालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसुार अन्तिम विकल्पको रुपमा बालकल्याण अधिकारी बाट व्यवस्था मिलाई राखेको छ वा छैन,

ज) व्यवस्थापन पक्ष तथा वालवालिकाले ऐन, प्रचलित कानुन वा मापदण्ड बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन गरेको छ वा छैन

झ) उपलव्ध स्रोत साधन लाई मध्यनजर गरी बालबालिकाको सर्वोतम हितलाई ध्यान दिएको छ वा छैन,

ञ) बाल संरक्षण मापदण्ड निर्माण गरी लागु गरेको छ वा छैन,

ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

६. वडा बालअधिकार समिति गठनः नगरपालिकामा प्रत्येक वडाभित्र देहाय बमोजिमको वडा सतरीय बालअधिकार समिति रहने छ,

| | |
|---|---|
| क) वडाअध्यक्ष/वडाअध्यक्षले तोकेको व्यक्ति वा वडा सदस्य | -अध्यक्ष |
| ख) महिला वडा सदस्य | -सदस्य |
| ग) वडाभित्रको स्वास्थ्य संस्था प्रमुख/प्रतिनिधी | -सदस्य |
| घ) वडाभित्रका समुदायिक वा संस्थागत विद्यालयहरु मध्येबाट | |
| ङ) वडा अध्यक्षले तोकेको एक जना प्रधानाध्यापक | -सदस्य |
| च) बालअधिकारको क्षेत्रमा क्रियाशिल वडाभित्रका गैर सरकारी | |
| छ) संस्थाबाट वडाअध्यक्षले तोकोको व्यक्ति | - सदस्य |
| ज) महिला संस्था/वडा महिला संञ्जाल प्रतिनिधि | -सदस्य |

झ) वडा बालसंञ्जाल प्रतिनिधि -सदस्य

ञ) बालअधिकारको क्षेत्रमा कार्य अनुभव भएको, वडाअध्यक्षले तोकेको व्यक्ति-सदस्य

ट) वडा सचिव -सदस्य-सचिव

२) मनोनित हुने सदस्यहरुको पदावधी ४ वर्ष हुनेछ ।

३) समितिमा सदस्यमा मनोनयन हुनको लागि भ्रष्टाचार, जवरजस्ती करणी, मानव वेचविखन तथा ओसार पसार, लागु औषध विक्रि वितरण तथा ओसार प्रसार, सम्पति सुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी संगठित अपराध, बालबालिका विरुद्धको कसुर, बालअधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको व्यक्ति हुनु पर्नेछ,

७. वडा वालअधिकार समितिको काम, कर्तव्य र अधिकार:

क) बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

ख) वडाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन अध्यावधिक गर्ने र नगर बालअधिकार समिति समक्ष पठाउने,

ग) वडाभित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लव लगायतका सरोकारवाला विच आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार सम्बन्धी संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्ने गराउने ।

घ) बालअधिकारका क्षेत्रमा स्थानिय संघ संस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने ।

ङ) जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानिय बालअधिकार समिति र सम्बन्धित निकाय संग समन्वय गर्ने ।

च) वडाभित्र बालअधिकार हनन्का सम्बन्धमा सम्बन्धित निकाय संग समन्वयकारी भूमिका निर्वाह गर्ने

छ) आवश्यकता अनुसार बालबालिकाहरुको निमित्त आकश्मिक कोषको व्यवस्था मिलाउने।

ज) बालअधिकारको सम्मान, संरक्षणमा र प्रर्वद्धनका लागि वकालत गर्ने र वडा समितिलाई बालअधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने ।

झ) वडाभित्र बालबालिकाका सम्बन्धमा भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने ,प्रतिवेदन तयार गर्ने र नगर बालअधिकार समिति समक्ष पठाउने।

ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

नि. प्रमुख प्रशासकीय अधिकृत

८. नगर/वडा बालअधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः नगर/वडा बालअधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) समितिको बैठक कम्तिमा प्रत्येक चौमासिकमा अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ख) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउने छ ।

ग) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयहरुको सुची दुई दिन अगाडी समितिका सदस्यहरुलाई उपलव्ध गराउनु पर्नेछ ।

घ) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

ङ) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्ये बाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

च) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णयमान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

छ) समितिको बैठकको निर्णय समितिको अध्यक्षद्धारा प्रमाणित हुनेछ ।

ज) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

झ) समितिको बैठकमा आवश्यकता अनुसार विषय संग सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ,

ञ) बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

९. उपसमिति वा कार्यदल सम्बन्धी व्यवस्थाः-

१. स्थानीय समितिले आफुले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसिमिति वा कार्यदल गठन गरी परिचालन गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको काम कर्तव्य र अधिकार कार्यप्रकृति अनुसार काममा खटीए वा काम गरेवाफत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिबाट तोकिए बमोजिम हुनेछ ।

१०. बालकल्याण अधिकारी सम्बन्धी व्यवस्थाः- स्थानीय तहमा बालकल्याण अधिकारी सम्बन्धी देहाय बमोजिम व्यवस्था हुनेछ।

१. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम बालकल्याण अधिकारी नियुक्त गर्नु पर्नेछ।

२. बाल कल्याण अधिकारी नियुक्त नभएको अवस्थामा निजको काम गर्ने गरी तोकिएको महिला तथा बालबालिका शाखा प्रमुख वा कर्मचारीलाई जिम्मेवारी दिन सकिनेछ।

११. बालकल्याण अधिकारीको काम,कर्तव्य र अधिकारः बालकल्याण अधिकारीको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) बालबालिकाको हकहितको संरक्षण तथा बालकल्याण सम्बन्धी नगरस्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय बालअधिकार समिति लाई सहयोग गर्ने ।

ख) स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वय गर्ने गराउने ।

ग) स्थानीय बालअधिकार समितिको सदस्य सचिव भई काम गर्ने ।

घ) स्थानीय बालअधिकार समिति बाट प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने गराउने ।

१२. **संशोधन सम्बन्धी व्यवस्था:** यस निर्देशिकामा संशोधन तथा हेरफेर गर्नु पर्ने वाञ्छनीय भएमा नगरकार्यपालिकाको बैठकबाट संशोधन तथा हेरफेर गर्न सकिनेछ।

महाकाली नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ (पहिलो संशोधन, २०७६) को नियम ४ बमोजिम प्रमाणिकरण गरिन्छ ।

महाकाली नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ (पहिलो संशोधन, २०७६) को नियम ४ बमोजिम प्रमाणिकरण गरिन्छ ।

..................
२०८१।३।१४

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय

नि. प्रमुख प्रशासकीय अधिकृत